# नरदेवी आयुर्वेद चिकित्सालय (गठन) आदेश, २०५९

राजपत्रमा प्रकाशित मिति

२०५९।१०।२७

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस आदेशको नाम "नरदेवी आयुर्वेद चिकित्सालय (गठन) आदेश, २०५९" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा :

(क) "चिकित्सालय" भन्नाले नरदेवी आयुर्वेद चिकित्सालय सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले दफा ३ बमोजिम गठित नरदेवी आयुर्वेद चिकित्सालय सम्झनु पर्छ ।

(ग) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष समेतलाई जनाउदछ ।

३. **समितिको गठन :** (१) नरदेवी आयुर्वेद चिकित्सालय नामको एक समिति गठन गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका अध्यक्ष तथा सदस्यहरू रहनेछन् :-

| | | |
|---|---|---|
| (क) | नेपाल सरकारबाट मनोनीत व्यक्ति | अध्यक्ष |
| (ख) | प्रतिष्ठित समाजसेवीहरूमध्येबाट नेपाल सरकारद्वरा मनोनीत एक जना | सदस्य |
| (ग) | प्रतिनिधि (राजपत्राङ्कित प्रथम श्रेणी) स्वास्थ्य मन्त्रालय | सदस्य |



नेपाल कानून आयोग

| | | |
|---|---|---|
| (घ) | प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृत कर्मचारी, जिल्ला प्रशासन कार्यालय काठमाडौँ | सदस्य |
| (ङ) | निर्देशक, आयुर्वेद विभाग | सदस्य |
| (च) | प्रतिनिधि, जिल्ला विकास समिति, काठमाडौँ | सदस्य |
| (छ) | विशेषज्ञ चिकित्सकहरूमध्येबाट समितिको सिफारिसमा नेपाल सरकारद्वारा मनोनीत एक जना | सदस्य |
| (ज) | अध्यक्ष, काठमाडौँ उद्योग वाणिज्य संघ | सदस्य |
| (झ) | अध्यक्ष, नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा, काठमाडौँ | सदस्य |
| (ञ) | चिकित्सालयको सिनियर सिष्टर | सदस्य |
| (ट) | चिकित्सालयको निर्देशक | सदस्य सचिव |

(३) उपदफा २ को खण्ड (क), (ख) र (छ) बमोजिमका सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ ।

(४) नेपाल सरकारले आवश्यक ठानेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिको सदस्यहरूमा थपघट वा हेरफेर गर्न सक्नेछ ।

४. **समितिको काम, कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) चिकित्सालयको व्यवस्थापन र संचालन गर्ने,

(ख) चिकित्सालय विकासको लागि दीर्घकालीन तथा अल्पकालीन योजना तर्जुमा गर्ने गराउने,

(ग) चिकित्सालय व्यवस्थान र संचालन गर्नको लागि आवश्यक साधन र स्रोत जुटाउने,





नेपाल कानून आयोग

(घ) चिकित्सालयको बजेट स्वीकृत गर्ने,

(ङ) चिकित्सालयको सेवा शुल्क निर्धारण गर्ने,

(च) चिकित्सालयको भौतिक सम्पत्तिको संरक्षण तथा मर्मत सम्भार गर्ने,

(छ) चिकित्सालयको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्ने,

(ज) चिकित्सालय संचालनको लागि आवश्यक अन्य कार्यहरू गर्ने ।

५. **समितिको बैठक र निर्णय** : (१) समितिको बैठक समितिको अध्यक्षले तोके बमोजिम हुनेछ ।

(२) समितिको एक तिहाई सदस्यहरूले बैठकको लागि लिखित माग गरेमा समितिको सदस्य-सचिवले समितिको अध्यक्षलाई जानकारी दिई बैठक बोलाउनु पर्नेछ ।

(३) समितिको अध्यक्षको पद रिक्त रहेको अवस्थामा वा अध्यक्षको अनुपस्थितिमा समितिको सदस्य-सचिवले समितिको बैठक आवश्यकता अनुसार बोलाउन सक्नेछ ।

(४) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिको सदस्यहरूले आफू मध्येबाट छानेका व्यक्तिले समितिको बैठकको अध्यक्षता गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ । मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(८) समितिको बैठक कम्तीमा चार महिनामा एक पटक बस्नु पर्नेछ ।

(९) समितिले आवश्यक देखेमा नेपाल सरकारको कुनै अधिकृत वा अन्य कुनै विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा उपस्थित हुन आमन्त्रण गर्न सक्नेछ ।

(१०) समितिको बैठकमा अपनाईने अन्य कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ ।

६. **समितिको कोष** : (१) समितिको आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) समितिको कोषमा देहाय बमोजिमका रकमहरू रहनेछन :-

(क) नेपाल सरकारबाट प्राप्त अनुदानको रकम,

(ख) चिकित्सालयको सेवा प्रदान गरे बापत प्राप्त रकम,

(ग) कुनै विदेशी राष्ट्र वा दातृ संस्थाबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) समितिको सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(४) समितिको कोषमा प्राप्त हुने रकम समतिको नाममा कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) समितिको कोषको संचालन चिकित्सालयको निर्देशक र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(६) उपदफा (२) को खण्ड (ग) बमोजिम रकम प्राप्त गर्नु अघि समितिले नेपाल सरकारबाट स्वीकृति प्राप्त गर्नु पर्नेछ र त्यस्तो रकम जुन कार्यक्रमका लागि प्राप्त भएको छ सोही कार्यक्रममा खर्च गर्नु पर्नेछ ।

७. **लेखापरीक्षण** : (१) समितिको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको तरिका बमोजिम राखिनेछ ।

(२) समितिको आर्थिक प्रशासन सम्बन्धी अन्य व्यवस्था समितिले बनाएको नियममा तोकिए बमोजिम हुनेछ ।

(३) समितिको लेखापरीक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

(४) नेपाल सरकारले चाहेमा जुनसुकै बखत समितिको हिसाव किताव जाँच्न जचाउन सक्नेछ ।

८. **कर्मचारी सम्बन्धी व्यवस्था** : समितिले आवश्यकता अनुसार कर्मचारी नियुक्त गर्न सक्नेछ र निजहरूको सेवा, शर्त र सुविधा समितिले बनाएको नियममा तोकिए बमोजिम हुनेछ ।

९. **अधिकार प्रत्यायोजन** : समितिले आवश्यकता अनुसार आफ्नो अधिकार समितिको कुनै सदस्य वा सदस्य-सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१०. **नियम बनाउन सक्ने** : समितिले आफ्नो कार्य संचालनका लागि आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम नेपाल सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ ।

११. **निर्देशन दिने** : नेपाल सरकारले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र यसरी दिएका निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१२. **नेपाल सरकारसँग सम्पर्क** : समितिले नेपाल सरकारसँग सम्पर्क राख्दा स्वास्थ्य मन्त्रालय मार्फत सम्पर्क राख्नु पर्नेछ ।

नेपाल कानून आयोग